# विस्तृत सूचना

त्रिभुवन विश्वविद्यालय
इन्जिनियरिङ्ग अध्ययन संस्थान
पुल्चोक, ललितपुर ।

**सिलबन्दी दरभाउ पत्र पेश गर्ने सम्बन्धी सूचना**
**(प्रथम पटक प्रकाशित मिति :- २०८३/०६/१३)**

इन्जिनियरिङ्ग अध्ययन संस्थानका तालिम काठमाडौं उपत्यकामा २०८३ कार्त्तिक अन्तिम हप्तादेखि मंसिर मसान्तसम्म सञ्चालन गर्नुपर्ने भएकोले उक्त क्षेत्र भित्र नेपाल सरकारमा कानूनी रुपमा दर्ता रहेका होटेलहरुका विच प्रतिस्पर्धा मार्फत सेवा प्रवाहका लागि ७ दिने गोप्य सिलबन्दी दरभाउ पत्र आव्हान गरिएको छ। दरभाउ पत्र फाराम कार्यालय समय भित्र रु. १०००/- (पछि फिर्ता नहुनेगरी) तिरी प्राप्त गर्न सकिने । सिलबन्दी दरभाउ पत्रका साथ सिलबन्दी दरभाउपत्र, फर्म/ कम्पनी दर्ता प्रमाण पत्र, फर्म/ कम्पनी नविकरण, स्थायी लेखा नम्बर प्रमाणपत्र, गत आ.व.को कर चुक्ता प्रमाण पत्र आदि दरभाउ पत्र साथ पेश गर्नु पर्नेछ ।

**क्रमशः** ...........

# सेवा प्रवाह शर्तहरु

१) सूचना आदान-प्रदान :

क) करार सम्झौता लगायत करारसँग सम्बन्धित आपुर्तिकर्ता र यस ई. अ.सं.बीच आदान प्रदान हुने सम्पूर्ण पत्राचार र कागजातहरु नेपाली वा अङ्गेजी भाषामा हुनुपर्नेछ ।

ख) करार सम्झौता अनुसार एक पक्षले अर्को पक्षलाई दिने कुनै पनि सूचनाहरु तोकिएको ठेगानामा लिखित रुपमा हुनुपर्नेछ ।

२) कारोवारको मुद्रा :

कार्य सम्पादन जमानत, भुक्तानी तथा जरिवाना लगायतका सम्पूर्ण कारोवारका रकम नेपाली मुद्रामा मात्र हुनेछ ।

३) सम्झौताको अवधि

करार सम्झौता भई कार्यादेश पाएको मितिदेखि लागु हुने गरी ई. अ.सं. ले तोकेको अवधि भित्र सम्पूर्ण कार्य गरिसक्नु पर्ने छ ।

४) व्यवस्थापन सम्बन्धमा

क) करार सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक, सम्झौतामा स्पष्ट नतोकिएको भएतापनि सम्झौता अन्तर्गतको तालिमका लागि आवश्यक पर्ने अन्य सामग्रीको जिम्मा होटेल संचालकको हुनेछ ।

ख) कार्य सम्पन्न भएपछि होटेल संचालकबाट यस ई. अ.सं. डीन कार्यालयलाई सूचना दिनु पर्नेछ र सम्पन तालिममा भएका सम्पूर्ण बिबरण उपलब्ध गराउनु पर्ने छ ।

५) म्याद थप :

क) करार सम्झौतामा तोकिएको समयावधी भित्र आवश्यक सामग्रीहरु सम्बन्धित स्थानमा आई सक्नुपर्ने छ । तर सम्झौता बमोजिमको कार्य सम्पादनको क्रममा होटेल संचालकलाई कुनै बाधा व्यवधान आईपरेमा, होटेल संचालकले खरिद करार सम्झौतामा तोकिएको म्याद समाप्त हुनु भन्दा कम्तिमा पनि ३(तीन) दिन अगावै, ढीलो भएको व्यहोरा, ढीलो हुन सक्ने अवधि र ढीलो हुनाको उपयुक्त कारण सहितको लिखित निवेदन यस ई. अ.सं. डीन कार्यालयलाई दिनु पर्नेछ ।

ख) यसरी होटेल संचालकको म्याद थप गर्न निवेदन पाएपछि अवस्था (परिस्थिति) को मूल्याङ्कन गरी मनासिव लागेको खण्डमा यस ई. अ.सं. डीन कार्यालयले होटेल संचालकको कार्य सम्पादन गर्ने समय थप गर्न सक्नेछ । यसरी म्याद थप भएको अवस्थामा यस ई. अ.सं. डीन कार्यालय र होटेल संचालक दुवै बीचको करार सम्झौताका शर्तहरु थप गरिएको अवधिसम्म कायम रहनेछन् ।

६) सम्झौता अन्त्य हुने अवस्था

क) यस ई. अ.सं. डीन कार्यालय र होटेल संचालक बीच करार सम्झौता भएपछि दुबै पक्षको मन्जुरी बिना काम सम्पन्न नहुँदै होटेल संचालकको तर्फबाट बीचमा सम्झौता तोड्न पाइनेछैन ।

ख) खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा निम्न अवस्थाहरुमा करार अन्त्य हुन सक्नेछ ।

- यस ई. अ.सं. डीन कार्यालयले होटेल संचालकलाई कारणहरु खुलाई सम्झौता पूरै वा आंशिक रुपमा अन्त्य गर्न सूचना दिएमा ।
- होटेल संचालकले करार सम्झौतामा तोकिएको समयावधिभित्र तथा म्याद थप भएको अवस्थामा यस ई. अ.सं. डीन कार्यालयले दिएको थप समयको अवधिभित्र सबै वा केही कार्य गर्न नसकेमा ।
- यदि होटेल संचालक, करारको लागि प्रतिस्पर्धा गर्ने वा करार कार्यान्वयन गर्ने सिलसिलामा भ्रष्टाचारजन्य, जालसाजीजन्य, मिलेमतो, करकापजन्य कार्य वा बाधाविरोधजन्य गतिविधिमा संलग्न भएको पाइएमा ।
- होटेल संचालकले करार सम्झौता अन्तर्गतका अन्य दायित्वहरु पूरा गर्न सफल नभएमा ।

७) अतिरिक्त शुल्क सम्बन्धमा :

क) होटेल संचालकले तालिमको लागि भुक्तानीको क्रममा नियमानुसार बुझाउनुपर्ने कुनै कर, भन्सार शुल्क, दस्तुर, हर्जाना, क्षतिपुर्ति, ढुवानी, बोकानी लगायत कुनै पनि थप शुल्क लाग्ने भएमा होटेल संचालक स्वयंले नै व्यहोर्नु पर्नेछ ।

ख) यस ई. अ.सं. डीन कार्यालयबाट सम्झौता अनुसारका सामानहरु बाहेक अन्य अस्वीकृत सामानहरु फिर्ता लैजान लाग्ने खर्च होटेल संचालक स्वयंले व्यहोर्नुपर्नेछ ।

ग) सम्झौतामा उल्लेखित रकम बाहेक यस ई. अ.सं. डीन कार्यालयबाट कुनै पनि अतिरिक्त शुल्क व्यहोरिने छैन ।

८) भुक्तानी दिने :

क) होटेल संचालकले भुक्तानीको लागि लिखित रुपमा अनुरोध गर्नु पर्नेछ र त्यस्तो अनुरोधको साथमा आफुले कार्य सम्पन्न गरेको विवरण (उपयुक्त भएसम्म) सहितको नेपाल सरकारको नियमानुसारको विजकहरु तथा आवश्यक कागजातहरु समावेश गर्नु पर्नेछ । भुक्तानीको लागि अनुरोध गर्न होटेल संचालकले करार सम्झौता बमोजिमका आफ्नो सम्पूर्ण दायित्वहरु पूरा गरेको हुनुपर्नेछ ।

ख) कार्य सम्पन्न भएपछि सम्बन्धित अधिकारीको निरिक्षण तथा मूल्यांकन पश्चात नियमानुसार नेपाली रुपैयाँमा भुक्तानी गरिनेछ ।

ग) भुक्तानी दिँदा प्रचलित कानून बमोजिम आयकरको रकम पनि कटाइनेछ । यसरी काटिएको आयकर सम्बन्धित कर कार्यालयमा बुझाइनेछ ।

घ) खर्च भएर जाने जिन्सी सामान भएकाले भुक्तानी बापत रिटेन्सन मनी काटिने प्रावधान नभएको तर आवश्यक नठानिएको कार्यको लागि यस ई. अ.सं. डीन कार्यालय भुक्तानी दिन बाध्य हुने छैन ।

९) मूल्य बृद्धि र व्याज दाबी गर्न नपाइने :

कोटेशन पेश गरिसकेपछि वा सम्झौता भईसकेपछि कबोल गरेको अङ्क बजार मुल्यमा भएको बृद्धिले कुनै प्रभाव पार्ने छैन ।

१०) शर्त मान्य नहुने :

होटेल संचालकले आफ्नो तर्फबाट राखेको कुनै किसिमको शर्त यस ई. अ.सं. डीन कार्यालयलाई मान्य हुने छैन ।

११) मतभेद :

करार सम्झौता सम्बन्धी होटेल संचालक र यस ई. अ.सं. डीन कार्यालयबीच मतभेद हुन गएमा सकेसम्म आपसी छलफलद्वारा समाधान गरिनेछ । यसरी आपसी छलफलद्वारा समाधान हुन नसकेमा यस ई. अ.सं. डीन कार्यालयको निर्णय नै अन्तिम हुनेछ ।

१२) न्युनतम हुनु पर्ने :

क) सेवा प्रवाह गर्ने होटल काठमाण्डौं उपत्यका भित्र सरल यातायतको पहुँच भएको ठाउँमा हुनु पर्नेछ ।

ख) तलको तालिका अनुसार उपलब्ध गराउनु पर्ने विवरणमा फेरबदल हुने छैन ।

ग) दरभाउ पत्र स्वीकृत गर्ने/ नगर्ने अधिकार इ.अ.सं.डीन कार्यालयमा निहित रहनेछ ।

घ) दरभाउ पत्र इ.अ.सं.डीन कार्यालयको, हिमालयन बैंक, पाटन शाखाको खाता नं.१२०००३०२७२००२४ म रु.१०००.०० (एकहजार) (फिर्ता नहुनेगरी) जम्मा गरि, सिलबन्दी कोटेशन फारम डीन कार्यालयबाट प्राप्त गर्न सकिने छ ।